६१ किलो सुन तस्करी प्रकरण

जीवन चलाउनेविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दायर

काठमाडौँ(जस)-६१ किलो सुन तस्करी प्रकरणमा संलग्न मष्टा ग्रुप प्रालिका सञ्चालक जीवन चलाउनेविरुद्ध काठमाडौँ जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरिएको छ । सम्पति शुद्धीकरण विभागले उनि विरुद्ध मुद्दा दायर गरेको हो । अनुसन्धानमा उनले अवैध सुन तस्करीबाट प्राप्त रकम प्रयोग गरी झापा, काठमाडौँ, रौतहट र काभ्रेपलाञ्चोकमा ३२ कित्ता जग्गा खरिद गरेको देखिएको छ। अभियोगपत्र अनुसार, कुल २ अर्ब ७ करोड रुपैयाँभन्दा बढी रकम उनले अवैध स्रोतबाट शुद्धीकरण गरेको पुष्टि भएको छ । उनको सम्बन्ध बेल्जियम नागरिक दावा छिरिङसँग पनि

देखिएको छ ।

विभागले दायर गरेको अभियोगपत्रमा भनिएको छ, 'खरीदको कुल मूल्य समेत गर्दा हुन आउने कुल रकम १,४५,५४,०३,९४८ रुपैयाँ तथा विदेशबाट अवैध तरिकाले आयात गरेको सुन ६० केजी ७१६ ग्रामको तत्कालीन अवस्थाको मूल्य प्रतितोला १,१२,५०० रुपैयाँका दरले हुने कुल मूल्य ५८,५६,०९,५६८ रुपैयाँ र हिमालयन बैंकमा निजका नाउँमा रहेको नं. ००२१०५५००१९००१३ को खातामा कसुरबाट प्राप्त गरी जोर जम्मा गरी कारोबार गरी निःसर्ग गरेको रकम ३,५२,००,००० रुपैयाँ समेत गरी हुने कुल रकम २,०७,६२,१३,५१६ रुपैयाँ प्रतिवादी जीवन चलाउनेले शुद्धीकरण गरेको पुष्टि हुन आयो छ ।'

साउन ३ गते राजस्व अनुसन्धान विभागले मोटरसाइकलको ब्रेक प्याडभित्र लुकाइएको सुन बरामद गरेको थियो । पछि अनुसन्धानलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई जिम्मा दिइएको र ३०२ किलो सुन तस्करी भएको निष्कर्षमा पुगेको थियो । यस प्रकरणमा दावा छिरिङ, जीवन चलाउनेसहित २९ जनाविरुद्ध सुन भन्सार चोरी, पैठारी र संगठित अपराधसम्बन्धी मुद्दा दायर गरिएको छ । समितिले अनुसन्धानमा संलग्न केही प्रहरी अधिकारीहरूको कारबाही र केही राजनीतिक तथा विदेशी सम्बन्धित व्यक्तिविरुद्ध पनि मुद्दा सिफारिस गरेको छ ।

वैकल्पिक उर्जाले विकट र विपन्न परिवार हरुमा ठूलो योगदान दिएको छ : मन्त्री घिसिङ

काठमाडौं(जस)-उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री कुलमान घिसिङले वैकल्पिक उर्जाले विकट र विपन्न परिवारहरुमा ठूलो योगदान गरेको बताएका छन् । मंगलबार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको २९ औं वार्षिकोत्सव समारोहमा उनले वैकल्पिक उर्जाले विकट र विपन्न परिवारहरुमा ठूलो योगदान गरेको भन्दै वर्तमान समयमा वैकल्पिक उर्जाको कार्य क्षेत्र बढदै गएको बताए ।

उनले भने, 'वैकल्पिक उर्जाले विकट र विपन्न परिवारहरुमा एकदमै ठूलो योगदान गरेको छ । यसको लागि वैकल्पिक उर्जाले बधाईको पात्र हुनुहुन्छ । अझै धेरै गर्नुछ । अहिले वैकल्पिक उर्जाको कार्य क्षेत्र धेरै बढेको छ । अहिले खाना बनाउनको लागि पनि इन्डक्शनको प्रयोग हुन्छ जहाँ उर्जा कै प्रयोग हुन्छ ।' साथै, उनले नेपालमा इलेक्ट्रिकल सवारी साधनहरु बढ्दै गएको भन्दै यसको लागि चार्जिङ् स्टेशनहरु देशभर जडान गर्न सक्ने हो भने यसले इलेक्ट्रिकल सवारी साधनहरुलाई अझ प्रोत्साहन हुने बताए ।

उनले भने, 'चार्जिङ स्टेशनको केही नीतिलाई पुनर्निर्माण गर्नुपर्ने छ, त्यो नीति मन्त्रालयबाट गई सकेको छ । अब अर्को बोर्डबाट हामीले त्यो पास गर्छौंहोला । नेपालमा इलेक्ट्रिकल सवारी साधनहरु पनि बढ्दै गएको छ । यसको लागि चार्जिङ् स्टेशनहरु एकदमै महत्वपूर्ण हुन्छ । चार्जिङ् स्टेशनहरु देशभर जडान गर्न सक्ने हो भने यसले इलेक्ट्रिकल सवारी साधनहरुलाई अझ प्रोत्साहन गर्छ ।'

वैकल्पिक उर्जाको रुपमा सोलार पनि बढ्दै गएको भन्दै सोलारलाई प्रमोशन गर्ने हिसाबमा कार्य योजनाहरु बनाएको पनि उनको भनाइ छ । उनले भने, 'सोलारको कुरामा निजी क्षेत्रलाई पनि सोलारलाई खोलेर अगाडि बढ्नुपर्छ भन्ने हिसाबले त्यसको कार्ययोजना बनिरहेको छ । सोलारलाई हामी प्रमोशन नै गर्ने हो । यसमा रोक लगाउने काम गर्दैनौ ।'

हिंसात्मक अभिव्यक्ति दिएको अभियोगमा डा. निकोलस भुसाल पक्राउ

काठमाडौँ(जस)-प्रहरीले हिंसा भड्काउने अभिव्यक्ति दिएका डा. निकोलस भुसाललाई पक्राउ गरेको छ । उनलाई मंगलबार गोरखाबाट पक्राउ गरिएको हो । भुसाल गोरखा नगरपालिका वडा नम्बर-८ स्थित सरस्वती आश्रमबाट पक्राउ परेका हुन् । उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले उनलाई गोरखाबाट काठमाडौँ ल्याएको छ ।

भुसालले सामाजिक संजालमार्फत हिंसा भड्काउने अभिव्यक्ति दिँदै आएका थिए । यसअघि उनी २३ असोजमा माइतीघरमा प्रदर्शन गर्न खोज्दा पक्राउ परेका थिए । स्वास्थ्य जाँच गर्दा गाँजा सेवन गरेको रिपोर्ट आएपछि उनलाई सुधार केन्द्रमा लैजाने सर्तमा उनका दाजुले जिम्मा लिएका थिए । त्यसपछि पनि उनको विवादित अभिव्यक्ति दिँदै आएका थिए ।

सरसफाइमा चरम लापरवाही

ओम अस्पतालको क्यान्टिन सात दिनका लागि बन्द

काठमाडौं(जस)-काठमाडौं महानगरपालिका र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले काठमाडौंका विभिन्न अस्पतालका क्यान्टिनहरूमा खाद्य स्वच्छता अनुगमन गरेको छ । अनुगमनका क्रममा चावहिलस्थित ओम अस्पतालको क्यान्टिनमा सरसफाइमा चरम लापरवाही देखिएपछि सात दिनका लागि बन्द गरिएको हो । हेल्दी बाइट्स सर्भिसेज् प्रालि.द्वारा सञ्चालन भइरहेको उक्त क्यान्टिनमा खाद्य रंगको अव्यवस्थित प्रयोग, म्याद गुज्रिएका उपभोग्य वस्तु, अस्वच्छ वातावरण, पेष्ट कन्ट्रोल (किटनाशक नियन्त्रण) व्यवस्था असन्तोषजनक रहेको, लेबल विवरण नदेखिएका खाद्य वस्तु प्रयोग गरिएको लगायत अनियमितता भेटिएका थिए ।

अनुगमन टोलीका फुड टेक्नोलोजिस्ट अनिल बस्नेत र अशोक पराजुलीका अनुसार, क्यान्टिन सञ्चालकले व्यवसाय दर्ता समेत नगरेको हुँदा सात दिनका लागि बन्द गरी स्पष्टीकरणसहित महानगरमा उपस्थित हुन निर्देशन दिइएको हो । अनुगमनका क्रममा म्याद गुज्रिएका पाँच थान (५०० मिलिलिटर) दूध सञ्चालककै उपस्थितिमा नष्ट गरिएको थियो । ओम अस्पताल तथा रिसर्च सेन्टर प्रालि प्रशासनका प्रशासनिक प्रबन्धक विपिन जङ्गमले भने, 'हाल क्यान्टिन सञ्चालक परिवर्तन भइसकेको छ । हामी संरचना मर्मत, रंगरोगन र आवश्यक सरसफाइ पूरा गरी खाद्य स्वच्छता सुनिश्चित भएपछि मात्र पुनः सञ्चालनमा ल्याउनेछौं ।' तुलनात्मक रूपमा मेडिकेयर अस्पतालको द केयर क्यान्टिन र हेल्पिङ ह्याण्ड्स अस्पतालको क्यान्टिनमा सरसफाइ अवस्था अपेक्षाकृत राम्रो देखिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका खाद्य निरीक्षण अधिकृत खगेन्द्रप्रसाद खतिवडा र सञ्जय चौधरीले जानकारी दिए । तर, दुवै क्यान्टिनमा पनि पेष्ट कन्ट्रोलको व्यवस्था सन्तोषजनक नभएको बताइएको छ ।

मेडिकेयर अस्पतालको क्यान्टिनमा लेबलविहीन खाद्य वस्तु प्रयोग, खुला डस्टबिन र पिउने पानी परीक्षणमा अमोनिया मापदण्डभित्र भए पनि सुधार आवश्यक रहेको पाइएको थियो । अनुगमन टोलीले क्यान्टिन सञ्चालकलाई पेष्ट कन्ट्रोल प्रभावकारी बनाउने, पूर्ण लेबलसहितका प्रशोधित खाद्य वस्तु मात्र प्रयोग गर्ने, अनुमति प्राप्त उद्योगबाट उत्पादन भएका वस्तु मात्र प्रयोग गर्ने, आगो जोखिम न्यूनीकरणका उपकरण राख्ने र खाना पकाउने तथा भाँडा माझ्ने ठाउँ अलग गर्न निर्देशन दिएको थियो ।

त्यस्तै, हेल्पिङ ह्याण्ड्स अस्पतालको क्यान्टिनमा व्यक्तिगत सरसफाइ सन्तोषजनक देखिए पनि, खाद्य रंगको उचित प्रयोग, अनुज्ञापत्र प्राप्त खाद्य पदार्थको मात्र बिक्री र आगो जोखिम न्यूनीकरणका उपकरणहरू थप बलियो बनाउन सुझाव दिइएको छ।महानगर र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कानुनअनुसार स्वच्छ, जिम्मेवार र सुरक्षित खाद्य व्यवसाय सुनिश्चित गर्न नियमित रूपमा अस्पताल, होटल, रेष्टुरेन्ट तथा क्यान्टिनहरूको अनुगमन गर्दै आएको आएको छ ।

थाई एयरवेज इन्टरनेशनलद्वारा नेपालमा थ्री-क्लास एयरबस सञ्चालनमा

काठमाडौं(जस)-थाई एयरवेज इन्टरनेशनल पब्लिक कम्पनी लिमिटेडले थ्री-क्लासको सुविधासहित एयरबस ए३३०-३०० विमान सञ्चालनमा ल्याएको छ । यस विमानले असोज १ गतेदेखि काठमाडौं-बैंकक मार्गमा थ्री-क्लास सुविधासहित सेवा दिन थालेको हो । यो रणनीतिक सुधारले नेपालको बजारमा पहिलो पटक प्रिमियम इकोनोमी प्लस, प्रिमियम इकोनोमी तथा इकोनोमी वर्गको विकल्प दिएको हो । जसले उडान भर्दै आएको बोइङ ७७७ अपरेसनलाई प्रतिस्थापन गरेको छ ।

नेपालको यात्रु सेवा र अनुभवलाई अझै परिस्कृत बनाउन सधैं प्रतिबद्ध रहेको थाइ एयरवेजले जनाएको छ । बैंकक र नेपालबीच यात्रुहरूलाई उच्चस्तरीय आरामदायी सुविधा 'स्मूथ एज सिल्क' सहितको सेवा प्रदान गरिरहेको हो । कार्तिक ९ देखि थाइ एयरवेज इन्टरनेशनलले दैनिक दुई पटक काठमाडौंमा उडान भर्दै आइरहेको छ । सुधार गरिएको विमान कन्फिग्रेसन र यात्रु अनुभव नयाँ एयरबस ए ३३०-३०० विमानमा कुल २६४ यात्रु राख्ने गरी तीन प्रकारका सेवा दिन थालिसकेको छ, जुन विविध यात्रुको प्राथमिकता तथा आवश्यकताहरु पूरा गर्न डिजाइन गरिएको हो ।

प्रिमियम इकोनोमी प्लस वर्ग : ३१ वटा प्रिमियम सीटहरु जसमा पूर्ण फ्ल्याट बेडहरु, प्रत्यक्ष आईसल पहुँच, र अधिक निजी वातावरण उपलब्ध छन् । लामो उडानका लागि एक अनुपम स्तरको आरामदायी अनुभव प्रदान गरिरहेको छ । प्रिमियम इकनोमी वर्ग : ४८ वटा ठूला आरामदायी सिट, खानाको विशेष सेवा तथा प्राथमिकतासँगै बोर्डिङ सुविधासहित इकनोमी र बिजनेसक्लासबीचको अन्तरलाई पूर्ति गर्ने नयाँ क्याबिनको समेत विकल्प छ । इकोनोमी वर्ग : कुल १८५ आरामदायी सीटहरु छन् । जसमा आधुनिक मनोरञ्जन प्रणाली, निःशुल्क खानाको सुविधा र चौकस केबिन कर्मचारी सेवाहरू उपलब्ध छन् । जुन यस एयरलाइन्सलाई क्षेत्रभरिका यात्रुहरुले रोजाइको विकल्प बनाउन सक्छन् ।

'पीडितका लागि वडा महिला सञ्जालमार्फत तत्काल राहतको काम हुनुपर्छ'

काठमाडौं(जस)-काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले लैङ्गिक हिंसामा परेका व्यक्तिको उद्धार, राहत तथा पुनःस्थापनाका लागि वडा महिला सञ्जालबाट तत्काल काम गर्न सकिने बताएकी छन् । महानगरपालिकाले शान्ति फाउन्डेसनसँगको सहकार्यमा सञ्चालन गरेको मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिकहरुको मर्यादित रोजगारीका सम्बन्धमा गरिएको अध्ययनका बारेमा छलफल गर्न आयोजना गरिएको साझेदार बीचको बैठकमा उनले यस्तो बताएकी हुन् ।

उनले भनिन्, 'तत्काल गर्नु पर्ने कामको व्यवस्थापनका लागि हामीले हरेक वडालाई २ लाख रुपियाँका दरले निकासा पठाएका छौं । गएको वर्ष ५० हजार रुपियाँ पठाउने गरिएकोमा अवस्थाको संवेदनशीलतालाई हेरेर यस वर्षदेखि २ लाख रुपियाँ पठाउन थालेका हौं ।' काठमाडौं महानगरपालिकाले २०७८ सालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि जारी गरेको छ । यसले प्रमुखको संयोजकत्वमा गठन हुने ९ सदस्यीय मूल समिति गठन हुने व्यवस्था छ । यसमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक समितिका संयोजक, जिल्ला प्रहरी परिसरका प्रमुख, कानुन तथा मानव अधिकार विभागका प्रमुख, यसै क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रतिनिधि एक जना, पीडितमध्ये एक जना सदस्य रहने व्यवस्था छ । समितिको सदस्य सचिवमा सामाजिक विकास विभागका प्रमुख रहेका छन् ।

समितिले ओसारपसार तथा बेचबिखनमा परेकाहरुको तत्काल उद्धार, संरक्षण, पुनर्स्थापना र क्षमता विकास गर्ने, गराउने तथा यसका लागि समन्वय गर्ने, तथ्याङ्क तथा अभिलेखन गर्ने सचेतनामूलक कार्यक्रम फैलाउने, कार्यक्रम सञ्चालनका लागि छुट्टै कोष स्थापना गरेर सञ्चालन गर्ने काम गर्छ। वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय समिति गठन हुने व्यवस्था छ । यसमा महिला सदस्य, स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि, वडाभित्रका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकमध्ये अध्यक्षले मनोनित एक जना, महिला सञ्जाल, बाल सञ्जाल, ज्येष्ठ नागरिक केन्द्र, आमा समूहमध्ये सर्वाधिक क्रियाशील संस्थाका एक जना प्रतिनिधि सदस्य छन् । समितिको सदस्य सचिव वडासचिव रहने व्यवस्था छ ।

यस समितिले, ओसारपसार तथा बेचबिखन विरुद्धका कार्यक्रमको योजना बनाउने, योजना कार्यान्वयन गराउने, जोखिममा रहेका व्यक्ति तथा वर्गको पहिचान गर्ने, जोखिमबाट उद्धार गर्ने, संरक्षण, न्याय र पुनर्स्थापनाका लागि समन्वय गर्ने काम गर्छ। सरकारले २०६४ सालमा मानव बेचबिखन विरुद्धको ऐन र २०६५ सालमा नियमावली र ०७० सालमा कार्यविधि जारी गरिसकेको छ । यी दस्तावेजको व्यवस्थालाई स्थानीय तहबाट प्रभावकारी कार्यान्वयनका लागि महानगरले कार्यविधि बनाएको हो ।

मनोरञ्जन र सत्कार पेशामा आवद्ध श्रमिकहरुका विभिन्न समस्या छन् । फाउन्डेसनका अधिकारीहरुले नीति र व्यवहारका बिचमा देखिएको भिन्नताका विषयमा प्रस्तुतिकरण गरेपछि उपप्रमुख डंगोलले भनिन्, 'काठमाडौंलाई लैङ्गिक संवेदनशील सहरका रुपमा विकास गर्न सहकार्यमा काम गरौं । यस क्षेत्रका श्रमिकको मर्यादित पेशाका लागि तर्जुमा गरिने कार्यविधिको मस्यौदाको छलफलमा लाभग्राहीलाई पनि राखौं । जसका लागि कानुन बनाइँदै हो, उहाँहरुलाई बाहिर राखेर कानुन प्रभावकारी हुँदैन ।'

प्रस्तुतिकरणमा फाउन्डेसनका अधिकारीहरुले, मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिकहरु करार सम्झौता नगरी काम गरिरहेकोले समान कामका लागि असमान पारिश्रमिक प्राप्त गरेको अवस्थामा रहेको देखाए । सम्झौता नभएकै कारण ओसारपसार र बेचबिखनको जोखिम छ । धेरैसँग नागरिकता नभएका कारण सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन समस्या देखिन्छ । बैठकमा सुरक्षित आप्रवासन र मर्यादित श्रम सम्बन्धी स्रोत सामग्रीका विषयमा प्रस्तुतिकरण तथा छलफल भएको थियो ।

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

विषय: वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२-०७-१९)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल :

S.N.	Bid IFB No.	Name of Projects	Date of Notice Publication	Quoted Amount with VAT (NRs.)	Name of Lowest Evaluated Substantially Responsive Bidder	Remarks
1.	05/Works/NCB/ KM/2082/083	**Different Road Construction in Ward No. 5**	2082-05-20 B.S / (5th September, 2025)	**82,44,050.16**	**Pavitra Kush Nirman Sewa,Rapti Chitwan**	
2.	06/Works/NCB/ KM/2082/083	**Different Road Upgrading Works at Kalika Municipality Ward no 8 and 9**	2082-05-20 B.S / (5th September, 2025)	**47,37,579.15**	**Har Har Gange Construction Company Pvt.Ltd,Bishnupur -01, Siraha**	
3.	07/Works/NCB/ KM/2082/083	**Different Road Construction in Ward No. 2**	2082-05-20 B.S / (5th September, 2025)	**55,77,388.24**	**Pavitra Kush Nirman Sewa,Rapti Chitwan**	
4.	08/Works/NCB/ KM/2082/083	**Different Road Construction in Ward No. 3**	2082-05-20 B.S / (5th September, 2025)	**61,91,789.08**	**Pavitra Kush Nirman Sewa,Rapti Chitwan**	

प्रमुख प्रशासकीय अधिकृत